# बाँकेमा 'लम्पी स्किन' नियन्त्रण गर्न खोप

रासस/जानकी, ६ साउन । पशु चौपायामा देखिएको 'लम्पी स्किन' रोगको नियन्त्रणका लागि बाँकेमा खोप दिन बल्ल थालिएको छ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा केन्द्रका प्रमुख कमला अधिकारीले छ हजार दुई सय डोज (मात्रा) खोप बाँकेमा आएको र यसबाट दुई हजार पाँच सय खोप तीन वटा पालिकामा वितरण गरिएको जानकारी दिनुभयो।

पहिलो चरणमा व्यावसायिक पशुपालन गरेका कृषकको फार्ममै पुगेर लम्पी स्किन रोगविरुद्धको खोप दिन सुरुआत गरेको उहाँले बताउनुभयो।

"पहिलो चरणमा पशु फार्म खोलेर व्यावसायिक पशुपालन गरेका कृषकको फार्ममै पुगेर खोप दिन सुरु गरेका छौँ।" उहाँले भन्नुभयो, "पहिलो चरणको वितरण सकिएपछि कृषकका घरघरमा पुगेर दोस्रो चरणको खोप दिन सुरु गर्छौं।"

बाँकेका आठवटा पालिकामध्ये कोहलपुर नगरपालिका, खजुरा र जानकी गाउँपालिकामा हालसम्म छ सयका दरले खोप वितरण गरी सकिएको कार्यालय प्रमुख अधिकारीले जानकारी दिनुभयो। बिहीबारदेखि खोप दिन प्राविधिक खटाइएको उहाँले बताउनुभयो।

जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ, पशु चिकित्सक रुपेन्द्रकुमार ओलीले पशुमा देखिएको रोगको पहिचानका लागि प्रयोगशाला परीक्षण र लक्षणअनुसारको उपचार भइरहेको जानकारी दिनुभयो। घाउ, खटिरा आएकालाई 'ड्रेसिङ' गर्ने काम भइरहेको जानकारी दिँदै पशु चिकित्सक डा ओलीले 'भाइरस'बाट सर्ने रोग भएकाले यसको दिगो उपचार नभएको जानकारी दिनुभयो। साथै उहाँले तालिम प्राप्त ५० जना 'भ्याक्सिनीयटर'ले पालिकामा पुगेर शुक्रबारदेखि खोप लगाउन सुरु गरेका बताउनुभयो। नेपाल भेटेरिनरी एसोसिएसनका सचिव डा शङ्कर न्यौपानेले सङ्क्रमणबाट पशुको मृत्युपछि किसानले ठूलो आर्थिक नोक्सानी व्यहोर्नुपरेको जानकारी दिनुभयो।

"किसानलाई खेती गर्न पशु र पशुको मल आवश्यकता पर्ने हुँदा पशु नै मर्न थालेपछि यसको मार किसानलाई नै परेको छ।"

सङ्क्रमण भएको पशु भए त्यसलाई सामूहिकरूपमा चराउन नलैजाने, पशुको ढुवानी कार्य बन्द गर्ने र आवतजावतमा कडाइ गरेर लम्पी स्किनको सङ्क्रमण न्यूनीकरण हुनसक्ने उहाँले सुझाव दिनुभयो।

उहाँका अनुसार रोगी पशुलाई लामखुट्टे, झिँगा वा किर्नाले टोकेपछि अन्यलाई पनि यो रोगको सङ्क्रमण फैलन्छ। नेपालगञ्ज उपमहानगरपालिकासहित सबै स्थानीय तहमा उक्त 'भाइरस'को सङ्क्रमण देखिएको छ। उक्त रोगबाट सबैभन्दा बढी बाँकेको खजुरा, राप्तीसोनारी र बैजनाथ गाउँपालिका प्रभावित भएको भेटेरिनरी अस्पतालले जनाएको छ।

बाँकेमा करिब एक लाखको हाराहारीमा भैंसी र ६० हजारको हाराहारीमा गाई छन्। तीमध्ये सात हजार पशुमा 'लम्पी स्किन' को सङ्क्रमण देखिएको छ। लम्पी स्किन रोगको सङ्क्रमणबाट बाँकेमा अहिलेसम्म २५ पशुको मृत्यु भएको छ।

सङ्क्रमण जिल्लाभर फैलिएपछि मात्र किसानले खोपको सुविधा पाएका हुन्।

# कोशीमा 'लम्पी स्किन' सङ्क्रमणबाट पाँच हजार पशु मरे

रासस/झापा, ६ साउन। महामारीको रुपमा फैलिएको 'लम्पी स्किन' रोगबाट कोशी प्रदेशका दुई लाख २५ हजार चार सय २३ गाईभैंसी सङ्क्रमित भएका छन्।

रौंगाभैंसीभन्दा गाईगोरुमा रोगको समस्या बढी छ। लम्पी स्किनबाट शुक्रबारसम्ममा पाँच हजार ४२ गाईभैंसी मरेको पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय विराटनगरले जनाएको छ। निर्देशनालयका फोकल पर्सन डा देवकुमार दर्लामीका अनुसार लम्पी स्किनको सङ्क्रमण कोशीका सबै जिल्लामा फैलिएको छ भने इलाम, झापा, मोरङ, पाँचथर, सुनसरी र उदयपुरमा सबैभन्दा बढी क्षति भएको छ। प्रदेशभर चार हजार ९७९ गाईगोरु र ६१ रागाभैंसी मरेका छन्।

ती मध्ये सबैभन्दा बढी इलाममा एक हजार ३८२ गाईगोरु र रौंगाभैंसी मरेको निर्देशनालयले जनाएको छ।

झापामा पाँच सय चार, पाँचथरमा चार सय २२, मोरङमा चार सय ८८, उदयपुरमा तीन सय ८५, सुनसरीमा तीन सय ६२, खोटाङमा दुई सय ७९, धनकुटामा दुई सय ७७, सङ्खुवासभामा दुई सय ८५, ओखलढुङ्गामा दुई सय दुई, तेह्रथुममा एक सय ४४, ताप्लेजुङमा एक सय ७०, भोजपुरमा ८३ र सोलुखुम्बुमा ३५ गाईगोरु र रौंगाभैंसी लम्पी स्किनको सङ्क्रमणबाट मरिसकेका छन्। मृत्युदर इलाममा धेरै भए तापनि प्रभावित पशु पाँचथरमा धेरै छन्।

आजसम्मको तथ्याङ्कअनुसार पाँचथरमा ३३ हजार ८७ गाईगोरु र रौंगाभैंसी लम्पी स्किनबाट सङ्क्रमित रहेको निर्देशनालयका फोकल पर्सन डा दर्लामीले जानकारी दिनुभयो। उहाँका अनुसार इलाममा ३१ हजार तीन सय ४९, धनकुटामा २१ हजार पाँच सय ६८, उदयपुरमा २१ हजार एक सय ८८, सुनसरीमा १७ हजार आठ सय ८६, तेह्रथुममा १५ हजार नौ सय ८६, मोरङमा १३ हजार आठ सय ९०, सङ्खुवासभामा १३ हजार चार सय ६०, खोटाङमा १२ हजार नौ सय १०, ओखलढुङ्गामा सात हजार छ सय ९४, ताप्लेजुङमा सात हजार छ सय २३, भोजपुरमा सात हजार एक सय ५२ र सोलुखुम्बुमा सात सय पाँच गाईगोरु र रौंगाभैंसीमा लम्पी स्किमको सङ्क्रमण पुष्टि भइसकेको छ।

लम्पी स्किनको सङ्क्रमण गाईगोरुको तुलनामा रौंगाभैंसीमा न्यून सङ्ख्यामा देखिएको छ। कोशी प्रदेशमा सङ्क्रमित सङ्ख्यामध्ये गाईगोरु दुई लाख २३ हजार सात सय २६ छ भने रौंगाभैंसीको सङ्ख्या एक हजार आठ सय १७ मात्र रहेको छ।

लम्पी स्किन रोगको सङ्क्रमण रोक्न कोशी प्रदेश सरकारले ११ जिल्लामा पशुमा खोप लगाउने अभियान सञ्चालन गरिरहेको छ। पशु स्वास्थ्य प्राविधिकले गोठमै पुगेर पशुमा खोप लगाइरहेको निर्देशनालयले जनाएको छ।

# वाल्मीकि आश्रममा खानेपानीको व्यवस्था

रासस/भरतपुर, ६ साउन। चितवनको एतिहासिक धार्मिक तीर्थस्थल वाल्मीकि आश्रममा खानेपानी र शौचालयको व्यवस्था गरिएको छ। आर्थिक वर्ष २०७९/८० को कार्यक्रममार्फत आश्रममा खानेपानी र शौचालयको व्यवस्था गरिएको हो। माडी नगरपालिका-१ र नवलपरासी सुस्तापूर्वको विनय त्रिवेणी गाउँपालिकाले विनियोजन गरेको रु पाँच/पाँच लाखको लागतमा सो व्यवस्था गरिएको हो।वाल्मीकि क्षेत्रका सात ठाँउमा खानेपानीको धारा निर्माण गरिएको माडी-१ का वडाध्यक्ष अमितकुमार लामाले बताउनुभयो। उहाँका अनुसार महिला पुरुषका लागि छुट्टाछुट्टै शौचालय निर्माण गरिएको छ। यसअघि चापाकलको पानी खानुपर्ने बाध्यता रहेको थियो।वाल्मीकि आश्रम क्षेत्रमा बाह्र घरपरिवार बस्दै आएका छन् भने मन्दिरका पुजारीका परिवार, जनपथ प्रहरी, सशस्त्र प्रहरी र चितवन राष्ट्रिय निकुञ्ज प्रशासनका कर्मचारी बस्दै आएका छन्। यहाँ दैनिक सयौं भक्तजन दर्शनका लागि आउने गरेका छन्। नेपालबाट भन्दा धेरै भक्तजन भारतबाट दर्शनका लागि आउने गरेको वडाध्यक्ष लामाले बताउनुभयो। उहाँले वाल्मीकि आश्रम नेपालकै महत्वपूर्ण एतिहासिक तथा धार्मिक तीर्थस्थल रहेकाले वडाले प्राथमिकताका साथ बजेट विनियोजन गरेर काम गरिरहेको जानकारी दिनुभयो। उहाँले सडक र बिजुली बत्तीको व्यवस्थापनको काम बाँकी रहेको भन्दै यो आवमा गरिने बताउनुभयो।वाल्मीकि आश्रम पुग्न नवलपरासी पश्चिमको त्रिवेणीबाट झोलुङ्गो पुल निर्माण गरिएको छ तर सञ्चालनमा आएको छैन। पुलबाट ४१ सय मिटर बाटो बनाउनुपर्ने जनाउँदै उहाँले यस वर्ष बजेट विनियोजन भएको जानकारी दिनुभयो। चितवनको माडी नगरपालिकामा रहे पनि आश्रम जानको लागि नेपालको भूमिबाट बाटो नहुँदा आश्रमको विकास हुन सकेको छैन। आश्रम जानको लागि भारतको भूमि प्रयोग गरेर जानुपर्ने भएको कारण पनि आश्रममा नेपालीभन्दा भारतीय बढी आउने गरेको स्थानीय राम सुवेदीले बताउनुभयो।

## दिग्भ्रमित...

संसारभर पुग्छ। गाउँटोल र बस्तीमा गएर पार्टी सदस्यले बखान गरिरहनु नै पर्दैन। सञ्चारमाध्यमले नै जनतालाई प्रशिक्षित र सुसूचित गरिरहेको हुन्छ। त्यसैले काँग्रेस मात्र होइन अन्य पार्टीले पनि किन सदस्यता बनाएको हो ? त्यो कुरा बुझ्नु पर्छ। हिजोको दिनमा सदस्यता वृद्धि गराउनुको मुख्य उद्देश्य अहिले जस्तो सञ्चार प्रविधि थिएन। संगठन र जनताबीचको सम्बन्धलाई पार्टी सदस्यको माध्यमबाट पुर्‍याइन्थ्यो। पार्टीको नीति, सिद्धान्त, पार्टीले गरिरहेको कार्य र उद्देश्यबारे पार्टी सदस्यमार्फत जनताले पाउँथे। आज त्यो कुरा सेकेन्डभरमै आमजनतामा पुग्छ। विगतमा प्रतिबन्धित अवस्थामा पनि सदस्यहरूले आम जनतालाई पार्टीमा लाग्न प्रेरित गर्थे। अहिले पार्टी सदस्यता बढाउने भनेको हाम्रो पार्टीमा लाग्यौं भने यति फाइदा हुन्छ भनेर प्रलोभन देखाउने बाहेक केही होइन। केही दिनअघि मात्र नेकपा एमालेका झन्डै आधा कार्यकर्ताले सदस्यता नवीकरण नगरेको समाचार सार्वजनिक भएको छ।

यो २१ औं शताब्दीको युग हो। पार्टी संगठन सञ्चालन गर्नको लागि सदस्यको ठूलो संख्या देखाएर हुँदैन। संसारमा एकदलीय प्रणालीमा पनि सबै जनतालाई सदस्य बनाइएको हुँदैन। हिजो पञ्चायतीकालमा पनि सबै पञ्च नेपाली र सबै नेपाली पञ्च भन्ने सुनिन्थ्यो। तर, पञ्चायतविरूद्धको आन्दोलनमा कहाँ गए ती सबै पञ्च भनिएकाहरू ?

२०४६ सालको जनआन्दोलनको बेलामा कहाँ गए, ती सबै पञ्च नेपालीहरू ? त्यसैले पार्टीको सदस्यता बढाउनुलाई उपलब्धिका रूपमा लिनुपर्ने आवश्यकता छैन। यो कुरा नयाँ पुस्ताका काँग्रेस महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले पनि बुझ्नु पर्ने जरुरी छ। सदस्यको संख्या बढाएर पार्टी ठूलो हुँदैन। नेतृत्वको कार्यशैली, नीति, कार्यक्रम र जनतासँगको सम्बन्धले पार्टी ठूलो र बलियो हुने हो। पार्टीको विचार कार्यसँग जोडिएको हुन्छ। विचारलाई आदर्श मात्र मानेर हुँदैन।

नेतृत्वमा रहनेले आफ्नो जीवनचरित्रमा उतार्नु पर्छ। काम र व्यवहारबाट प्रस्तुत गर्न सक्नु पर्छ। मिडियामा छाउने गरेर मात्र पनि जनताले पत्याउँदैन। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को संगठन नहुँदा नहुँदै पनि गएको आमनिर्वाचनमा उल्लेखनीय मत ल्यायो। त्यो मत किन आयो ? काठमाडौं महानगरपालिकाका मेयर बालेन्द्र साह पनि राजनीतिक अनुहार बोकेका व्यक्ति होइनन्। पाँचदलीय गठबन्धन थियो। किन बालेन्द्र साहले चुनाव जिते ? काठमाडौं उपत्यकामा कम्युनिस्ट पार्टीको मत किन खस्केको छ ? साम्यवाद र क्रान्तिकारिताको कुरा गर्दा पनि जनताले किन पत्याएनन् ? काँग्रेसको अवस्था पनि कम्युनिस्टको जस्तो नहोला भन्न सकिँदैन। गएको चुनावको गम्भीर समीक्षा काँग्रेसले गरेन भने धरहराको टुप्पोबाट गरिने कुराले कुनै सार्थकता पाउँदैन।

आगामी निर्वाचनमा काँग्रेस नराम्रोसँग पछारिन सक्छ। किनभने जनताले विकल्प खोजिरहेका छन्। काँग्रेस र कम्युनिस्ट दुवैसँग मतदाता असन्तुष्ट छन्। राष्ट्रिय स्वतन्त्र पार्टीको प्रस्तुति वा पार्टी सभापति रबि लामिछानेको अपिल गरेका कारण नयाँ दलतर्फ जनता आकर्षित भएका होइनन्।

पुराना पार्टीका कार्यशैलीप्रति जनता विरक्त बनेका हुन्। संगठनले सबैथोक हुने भए त पञ्चायतको संगठन ठूलै थियो। ३० वर्षको अवधिमा वडादेखि केन्द्रीय तहसम्म पञ्च कार्यकर्ता थिए। त्यसैले संगठनले मात्र पार्टी बन्दैन। पार्टीलाई जीवन्त राख्न नेतृत्वको भूमिका महत्वपूर्ण हुनुपर्छ। बीपी कोइरालाको व्यक्तित्व र विचारले काँग्रेसलाई टिकाएको हो।

अहिले काँग्रेसभित्र न कसैको व्यक्तित्व छ, न त विचार नै। नेतृत्व भनेको आउँछ, जान्छ। खोलाको कलकल बग्ने पानी जस्तो हो। थुनेर राखेर हुँदैन। नयाँ निकास चाहिन्छ।(अन्नपूर्ण)


## काठ बोलपत्रको लिलाम बिक्री सुचना।

*प्रथम प्रकाशित मिति–२०८०।०४।०६*

श्री रोहिणी सामुदायिक वन उपभोक्ता समितिको मिति २०८०।०४।०५ को निर्णय तथा डिभिजन वन कार्यालय रुपन्देहीको मिति २०८०।०४।०२ च.नं. १४ को पत्रानुसार यस वनको घाटगद्दीमा विभिन्न लटमा रहेको तपशील वमोजिमको काठ दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा लैजानु पर्ने भएकोले आजको मितिले २१ औ दिन सम्मलाई यो गोप्य शिलवन्दी बोलपत्र सुचना गरिएको छ। ईच्छुक वन पैदावरमा आधारित उद्योगले रोहिणी सामुदायिक वनको कार्यालय, डिभिजन वन कार्यालय,रुपन्देही, तिलोत्तमा सब डिभिजन वन कार्यालय वाट प्रत्येक लटको छुट्टाछुट्टै वोलपत्र खरिद गरि २२ औ दिनमा गोप्य शिलवन्दी बोलपत्र दाखिलाको लागी आवहान् गरिन्छ। विस्तृत जानकारीको लागी यस वनको कार्यालयमा सम्पर्क गर्नुहुन समेत अनुरोध गरिन्छ।

**परिमाण–**

| क्र.सं. | जात | थान | परिमाण (C. F.) | कैफियत |
|---|---|---|---|---|
| १ | असना | १०० | ११९३।८० | |
| २ | जामुन | २२ | ११७।३१ | |
| ३ | कर्मा | ५० | ३४७।४३ | |
| ४ | शिरिष | ८ | १५२।२० | |
| ५ | अन्य कु–काठ | १९२ | १०७।१९ | |
| | **कुल जम्मा** | ३७२ | २८८२।६४ | |

**श्री रोहिणी सामुदायिक वन उपभोक्ता समुह**

देवदह १०,भलुही,रुपन्देही (९८६७३३५४१५/९८४७०७२९३०)



## सन्धिखर्क नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

सन्धिखर्क, अर्घाखाँची

लुम्बिनी प्रदेश, नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

*प्रकाशित मिति: २०८०/४/०७*

***यस कार्यालयबाट आ.व.२०८०/८१ को लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६१ र सन्धिखर्क नगरपालिकाको आर्थिक ऐन २०८० को दफा ६ को अनुसूची ८ बमोजिम यस नगरपालिकाबाट तपसिलमा उल्लिखित शिर्षकमा आय ठेक्का बन्दोवस्त गर्नु परेकोले तपसिल बमोजिमका शर्तहरुको अधिनमा रहनेगरी ईच्छुक फर्म/ कम्पनीबाट गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिएको छ।***

१. सिलवन्दी दरभाउपत्रको फाराम मिति २०८०/०४/२१ गतेसम्म कार्यालय समयभित्र यस कार्यालयको राजश्वशाखाबाट रु १०००। (फिर्ता नहुने गरी) खरिद गर्न सकिनेछ। यसका लागी फर्म वा कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि, आन्तरिक राजस्व कार्यालयमा दर्ता भएको दर्ता प्रमाणपत्रको प्रतिलिपी, आ.व २०७८/०७९ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपी संलग्न गरी निवेदन दिनुपर्नेछ।
२. कवोल रकम र धरौटी रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नुपर्नेछ।अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिइनेछ।
३. दरभाउपत्र दाखिला गर्ने मिति २०८०/४/२२ गते दिनको १२.०० बजेभित्र यस कार्यालयमा दर्ता गराई सक्नु पर्नेछ।सोही दिनको १ बजे यसै कार्यालयका विभिन्न प्रतिनिधि र दरभाउपत्रदाताहरूको उपस्थितिमा दर्ता हुन आएका दरभाउपत्रहरु खोलिने छ।दरभाउपत्रदाताको प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन।
४. दरभाउपत्र खरिद र दर्ता मितिका दिन सार्वजनिक विदा परेमा सोको भोली पल्ट खरिद तथा दर्ता गर्न सकिनेछ।
५. कार्यालयबाट प्रमाणित नभएको रित नपुगेको र म्याद नाघी आएको दरभाउपत्रलाई मान्यता दिइने छैन।
६. सिलवन्दी दरभाउपत्र साथ आफुले कवोल गरेको अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.वा बैंक सन्धिखर्क शाखामा रहेको धरौटी खाता नं ३०५०१००३०३००००००२ मा जम्मा गरेको सक्कलै भौचर वा नेपाल राष्ट्रबैंकबाट इजाजत प्राप्त क वर्गको बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरी ७५ दिन म्याद भएको बिडबण्ड सिलबन्दी खाम साथ पेस गर्नुपर्नेछ।
७. ठेक्का अवधि २०८१ असार मसान्तसम्म हुनेछ।
८. न्यूनतम अंकमा मुल्य अभिवृद्धि कर र अग्रिम आयकर समावेश गरिएको छैन।
९. ठेक्का सम्झौता गर्दा कवोल रकमको ५० प्रतिशत रकम दाखिला गरे पछी सम्झौता गरिने र बाँकी रकम २०८१ साल वैशाख मसान्तसम्म यस कार्यालयमा दाखिला गरी सक्नुपर्नेछ।दाखिला गर्न बाँकी रहने रकमको यस कार्यालयको नाममा जारी गरिएको बैक जमानतपत्र २०८१ साल आषाढ मसान्तसम्मको पेस गर्नुपर्नेछ।
१०. ठेक्का सदर गर्ने वा नगर्ने सम्पूर्ण अधिकार कार्यालयमा सुरक्षित हुनेछ।
११. ठेक्का सम्वन्धि अन्य शर्त तथा विस्तृत विवरण दरभाउपत्र साथ उपलब्ध गराईनेछ।अन्य जानकारीको लागि कार्यालय समयभित्र राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ।
१२. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन।
१३. यस सूचनामा उल्लेख भएका सर्तहरू यसै बमोजिम हुने र अन्य कुराहरु प्रचलित कानुन बमोजिम हुनेछ।
१४. यस सम्वन्धमा कुनै जानकारी लिनु परेमा ९८५७०७६१११ र ९८५७०२८९८८ मा कार्यालय समयमा सम्पर्क गर्न सकिने छ।

| ठेक्का नं राजस्व | कामको विवरण | न्यूनतम अंक (मु.अ.कर बाहेक) | दरभाउपत्र दस्तुर |
|---|---|---|---|
| आ.१/२०८०/८१ | जडीबुटी,कवाडी र जीवजन्तु कर संकलन र नगर क्षेत्र भित्र उत्पादन भई डिभिजन वन कार्यालयको छुट पुर्जिको आधारमा निकासी हुने (सल्ला,खयर र अन्य कु काठ)। | १७५००००। | १०००। |

*प्रमुख प्रशासकीय अधिकृत*


CamScanner